मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : ३०२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ असोज १ गते शनिबार (Saturday, September 17. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं**

- सञ्चारमाध्यमले आफ्नो प्रभाव, पहुँच र लोकप्रियताका आधारमा विज्ञापनको दर कायम गरौं ।
- विज्ञापन दरमा छुट दिने भए सो समेत उल्लेख गरौं ।
- निर्धारित दर सार्वजनिक गरौं र विज्ञापन बोर्डमा समेत पठाऔं ।
- तोकिएको कर र छुटको सीमामा रही

नेपाल सरकार
विज्ञापन बोर्ड

## मेची पुलः नयाँ सुनसान, पुरानो अस्तव्यस्त



**झापा, भदौ ३१।** भारत, भुटान, बंगलादेश तथा म्यानमारसँग नेपाललाई जोड्ने पूर्वी नेपालको मेची पुलमा सँधै मानिसको भीड-भाड हुन्छ ।

रोजगारीका लागि भारतको विभिन्न स्थानमा जाने नेपाली तथा नेपालमा आउने तेस्रो मुलुकका मानिसका कारण भीड हुने यो पुलमा सिटी रिक्सा र पोके व्यापारीका कारण जाम समेत हुने गरेको छ । क्षमता भन्दा बढी रिक्सा चलाउन अनुमति दिनु र पोके तस्करीको सामान भण्डारण गर्ने स्थलको रुपमा मेची पुललाई प्रयोग गर्दा पुलमा हुने जामले यात्रुलाई सास्ती भएको छ ।

भारतको पश्चिम बंगाल राज्यमा पर्ने पानीट्याङ्की, नक्सलवाडी र शिलगढीमा बजार गर्न जाने नेपालीका कारण मेची पुल सँधै खचाखच हुन्छ । अझ पोके व्यापारीका कारण यो पुल बिहान सबेरैदेखि राति अबेरसम्म पनि अस्तव्यस्त रहन्छ ।

यसैपनि चाडबाड नजिकिँदा भारतीय बजारमा किनमेल गर्न जाने नेपालीका कारण मेची पुलमा सँधै जाम हुन्छ । त्यसमाथि क्षमताभन्दा बढी रिक्सा चलाउन अनुमति दिनु र पोके तस्करीको सामान भण्डारण गर्ने स्थलको रुपमा मेची पुललाई प्रयोग गर्दा पुलमा हुने जामले यात्रुलाई सास्ती भएको यात्रुले बताएका छन् ।

मेची पुल केही समयदेखि सिटी रिक्सा र पोके व्यापारीहरुको कब्जामा छ । नेपालको काँकरभिट्टाबाट भारतको पानीट्याङ्कीसम्मको झण्डै २ किलोमिटरको दूरी यात्रा गर्न मेची पुलमा दुई पटकसम्म रिक्सा परिवर्तन गर्नुपर्ने बाध्यता एकातिर छ भने अर्कोतर्फ पैदल यात्रा गर्दा सिटी रिक्साको ठक्करबाट दुर्घटनामा परिने चिन्ता हुन्छ । जम्मा ५ सय ८३ मिटर दूरी रहेको मेची पुल पार गर्न झण्डै १ घण्टा समय लाग्छ ।

एशियन हाइवे अन्तर्गत मेची पुलको उत्तरतर्फ ६ लेनको नयाँ पुलको निर्माण सम्पन्न भएको दुई वर्ष बितिसक्यो । तर, सर्वसाधारणका लागि त्यो खुल्ला गरिएको छैन् । उक्त नयाँ पुलमा मेची भन्सारमा प्रवेश गर्ने मालवाहक सवारी तथा सरकारी नम्बर प्लेटका सवारी बाहेकलाई सञ्चालन अनुमति दिइएको छैन् ।

उता अस्तव्यस्त पुलमा हुने दुर्घटना न्यूनीकरण र ट्राफिक व्यवस्थापनमा प्रहरीले चासो दिनुपर्ने र नयाँ पुल सर्वसाधारणका लागि सञ्चालनमा ल्याउन आवश्यक पहल भइरहेको जनप्रतिनिधिहरुको भनाइ छ ।

जम्मा २ सय सिटी रिक्साको आवश्यकता र क्षमता रहेको मेची पुलमा काँकरभिट्टाका ४ सय र भारत तर्फबाट १ हजारभन्दा बढी सिटी रिक्सा सञ्चालनमा छन् । त्यस्तै भारतबाट किराना तथा अन्य वस्तुहरु आयात गर्ने साना व्यापारीहरुले मेची पुलमा सामान डम्पिङ्ग गर्ने र सिटीमा लोड गर्ने गरेका कारण पनि मेची पुल अस्तव्यस्त छ । सिटी रिक्साको व्यवस्थापन र व्यापारीहरुसँग समन्वय गरी मेची पुलमा हुने जाम र सम्भावित दुर्घटनालाई हटाउन र नयाँ बनेको ६ लेनको पुललाई पूर्ण सञ्चालनमा ल्याउन जरुरी रहेको बताइएको छ ।

## ५० करोड रुपैयाँको प्लाई निर्यात

**झापा, भदौ ३१।** नेपाल प्लाइउडमा आत्मनिर्भर बनेको छ । नेपालमा ७९ वटा प्लाइउड उद्योगको दर्ता भए पनि सञ्चालनमा भने ६३ वटा उद्योगले मात्र उत्पादन गरेको प्लाई भारतसहित विभिन्न देशमा निर्यात हुँदै आएको छ ।

नेपाल भेनियर उत्पादक संघ झापाका सचिव दिनेश चापागाँईका अनुसार पछिल्लो तीन महिनामा मात्रै नेपालले ५० करोड रुपैयाँ बराबरको प्लाइउड विदेश निर्यात गरेको छ । विदेशमा प्लाइउडको माग धेरै रहेकाले यो वर्ष मात्रै नेपालले पाँचसय करोड रुपैयाँ बरावरको प्लाइउड विदेश निर्यात गर्ने लक्ष्य लिएको चापागाँईको भनाइ छ ।

मुलुकमै सबैभन्दा धेरै प्लाइउड उद्योग झापामा छन् । झापामा मात्रै १६ वटा उद्योग सञ्चालनमा रहेको सचिव चापागाँईले जानकारी दिए । त्यस्तै मोरङ र सुनसरीमा १४ वटा उद्योग सञ्चालनमा रहेको र देशभर ६३ वटा प्लाइउड उद्योगले प्लाई उत्पादन गर्ने गरेको उनको भनाइ छ । नेपालमा खपत भएर पनि जेठ, असार र साउन महिनामा मात्रै ५० करोड रुपैयाँ बरावरको प्लाई विदेश निर्यात गरेको उनले बताए ।

विशेषगरी नेपालमा उत्पादित प्लाई भारतको महाराष्ट्र, कर्नाटक, राजस्थान, जयपुर, बेङ्लोर, युपीमा धेरै खपत हुने गरेको नेपाल भेनियर उत्पादक संघ झापाले जनाएको छ । प्लाई काठबाट तयार पारिन्छ । यसलाई भरिनको पाताहरु मिलाएर बनाइन्छ । प्लाइउड भनेको भरिनको पाताहरु मिलाएर बनाएको मोटो र दह्रो पाता हो । यसलाई विशेषगरी फर्निचर बनाउन, कोठाहरुको पार्टिसन गर्न, सजावटको सामग्री बनाउन र झ्याल ढोका बनाउन प्रयोग गरिँदै आएको छ ।

हाल काठमा आधारित बस्तुहरुको माग विदेशमा पनि बढिरहेका बेला प्लाइउडले विदेशी मुद्रा आर्जनमा सहयोगी भूमिका निर्वाह गरेकाले प्लाइउडमा आधारित उद्योगलाई राज्यले सहगोग पुऱ्याउनु पर्ने नेपाल भेनियर उत्पादक संघ झापाका अध्यक्ष दीपक पाण्डले बताए ।

## करणी आरोपमा बृद्ध पक्राउ

**झापा, भदौ ३१।** झापाको मेचीनगर-१२ धाइजन निवासी ७३ वर्षीय एक वृद्धलाई प्रहरीले दिदीबहिनीलाई जबरजस्ती करणी गरेको आरोपमा पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मेचीनगर-१२ धाइजन निवासी कपिलमणि पौडेल रहेको इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक रुगमबहादुर कुँवरले जानकारी दिए ।

पौडेलले अर्जुनधारा-१० कालिस्थान निवासी ११ र १७ वर्षीया दुई नाबालिका दिदीबहिनीलाई जबरजस्ती करणी

*(बाँकी अन्तिम पृष्ठमा)*

## आमाको हत्या अभियोगमा छोरा पक्राउ

**धनुषा, भदौ ३१।** सबैला नगरपालिका-५ मखनाहा बस्ने २१ वर्षीय मनोज खत्वेलाई आफ्नै आमा ३६ वर्षीया सिकिलिया देवी खत्वेको हत्या गरेको अभियोगमा शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

मनोजले घरायसी विवादमा आमाको टाउकोमा प्रहार गर्दा उनको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय सबैलाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

## १२,२१७ जनालाई डेंङ्गु

**काठमाडौं, भदौ ३१।** मुलुकका अधिकांश जिल्लामा डेङ्गु सङ्क्रमितको संख्या बढिरहेकाले तत्काल नियन्त्रणमा पहल गर्न सरकारको ध्यानाकर्षण गराइएको छ । राष्ट्रियसभाको शुक्रवारको बैठकको विशेष समयमा सांसद मायाप्रसाद शर्माले डेङ्गु सङ्क्रमण बढ्दोक्रममा रहेकाले तत्काल नियन्त्रण गर्न आवश्यक भएको बताए ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सातै प्रदेश अन्तर्गतका ७५ जिल्लामा डेङ्गु फैलिएको जनाएको छ । गत साउनदेखि हालसम्म १२ हजार दुई सय १७ जनामा डेङ्गु पुष्टि भएको मन्त्रालयको तथ्याङ्क छ । डेङ्गुका कारण ११ जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले पुष्टि गरेको छ । मन्त्रालयका अनुसार प्रदेश १मा चार सय दुई, मधेसमा दुई सय २३, बागमतीमा नौ हजार तीन सय चार, गण्डकीमा दुई सय ४५, लुम्बिनीमा एक हजार चार सय ७९, कर्णालीमा एक सय ८४ र सुदूरपश्चिम प्रदेशमा तीन सय ८० जनामा डेङ्गु देखिएको छ ।

सांसद शर्माले देशका धेरै स्थानमा बाढीपहिरो गएको जनाउँदै बाढीपहिरो प्रभावितको उद्धार र राहत वितरणमा सरकारको ध्यानाकर्षण गराए ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## 'नेपालको प्रधानमन्त्री विदेशीको योजनामा बन्छ'

**झापा, भदौ ३१।** राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले नेपालको प्रधानमन्त्री विदेशीको योजनामा बन्ने गरेको आरोप लगाएका छन् ।

राष्ट्रिय प्रजातान्त्रिक युवा संगठनको बिर्तामोडमा शुक्रवार आयोजित जिल्ला अधिवेशनको उद्घाटन गर्दै अध्यक्ष लिङ्देनले आउदो निर्वाचनका लागि कुन-कुन दलहरुबीच गठबन्धन हुनुपर्छ, कुन दलले चुनाव जित्नुपर्छ र कसलाई प्रधानमन्त्री बनाउनुपर्छ भन्ने विषयमा विदेशीहरुले योजना बनाइ राखेको बताए ।

विदेशीहरुलाई खुशी नबनाई नेपालको राजनीतिमा टिक्न सकिँदैन भन्ने डरले पनि विदेशीहरुलाई खुशी पार्ने नाममा आत्मासर्मपणवादी प्रवृत्ति विकासित भएको र नेपाल शक्ति राष्ट्रहरुकाबीचमा रणनीतिक प्रतिष्पर्धाको थलो का रुपमा परिणत भएको अध्यक्ष लिङ्देनले बताए । अध्यक्ष लिङ्देनले मुलुकमा आमूल परिर्वतनको खाँचो रहेको भन्दै त्यसका लागि देशको राजनीतिमा परिर्वतन आवश्यक रहेको बताए । उनले मुलुकको



आमूल परिर्वतनका लागि युवालाई राजनीतिमा आउन समेत आग्रह गरे ।

देशको राजनीतिमा राम्रो मान्छेको उपस्थिति जरुरी रहेको भन्दै अध्यक्ष लिङ्देनले भने- 'जब चुनाव आउँछ, तब तपाइँ विक्रीको बस्तु सरह युवालाई हेरिन्छ, अनि कसरी देश बन्छ ?' राप्रपा यो निर्वाचनबाट अकवरी सुनका रुपमा उदय हुने र देशलाई आमूल परिर्वतन गर्ने अग्रणी पार्टी बन्नेमा शंका नगर्न कार्यकर्तालाई अध्यक्ष लिङ्देनले आग्रह समेत गरे । आगामी मंसीर ४मा हुने निर्वाचनमा राप्रपालाई हार्ने छुट नभएकाले गाउँ-गाउँमा गएर चुनावी माहोल बनाउन समेत अध्यक्ष लिङ्देनले कार्यकर्तालाई निर्देशन दिए ।

कार्यक्रममा पार्टीका महामन्त्री भक्ति सिटौला, प्रदेश अध्यक्ष राम थापा, केन्द्रीय सदस्य अम्वरबहादुर विष्ट, केन्द्रीय प्रशिक्षण विभाग सदस्य खुश्बू ओली, जिल्ला अध्यक्ष केशव ओझा, संगठनका प्रदेश अध्यक्ष राजकुमार योङ्या लगायतले बोलेका थिए ।

राष्ट्रिय प्रजातान्त्रिक युवा संगठनका अध्यक्ष राजकुमार राईको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत पुनम राजवंशीले गरेकी थिइन् । कार्यक्रमको सञ्चालन केशव कार्कीले गरेका थिए । यसैबीच अधिवेशनको बन्द सत्रले पुनः राजकुमार राईकै अध्यक्षतामा ५१ सदस्यीय राष्ट्रिय प्रजातान्त्रिक युवा संगठन झापा गठन गरेको छ ।

## टीकाको साइत ११:५१ बजे

### असोज १० गते बिहान १०:२३ बजे घटस्थापनाको शुभ साइत

**झापा, भदौ ३१।** यस वर्ष विजयादशमीको साइत असोज १९ गते बुधबार बिहान ११:५१ बजे उत्तम रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।

त्यस दिन बिहान १०:३४ बजे देवी विसर्जन गरी ११:५१ बजेको साइतमा मान्यजनबाट देवीको प्रसादका रूपमा टीका लगाउन सकिने समितिले जनाएको छ। पूर्वी मोहडा गरेर टीका लगाउनुपर्ने पनि समितिले जनाएको छ । विजयादशमीका दिन दिनभर टीका लगाउन सकिने भए पनि साइतमै टीका लगाउन चाहनेका लागि यो साइत दिइएको समितिका अध्यक्ष प्रा. श्रीकृष्ण अधिकारीले बताए ।

राज्य सञ्चालकले भने समितिले तोकेकै साइतमा मान्यजनबाट टीका, प्रसाद थाप्नुपर्ने उनले बताए । देवीको प्रसादका रूपमा देशका धेरै भागमा कोजाग्रत पूर्णिमाका दिनसम्म मान्यजनबाट टीका र आशीर्वाद थाप्ने गरिन्छ । केही भागमा भने विजयादशमीका दिनमात्र देवीको प्रसादका रूपमा टीका थाप्ने गरिन्छ ।

नेपालमा राष्ट्रिय चाडका रूपमा दशैं मनाउने गरिन्छ । दशैंमा वातावरण नै उल्लासमय बन्छ । विभिन्न पेशा र व्यवसायका क्रममा थातथलोभन्दा टाढा रहेका



नेपाली मान्यजनको आशीर्वाद थाप्न घर फर्कने गर्छन् । शरद ऋतुको उल्लासमय वातावरणमा मनाइने दशैंमा विशेषगरी नवदुर्गा भवानीको विशेष पूजा, आराधना गरिन्छ ।

**असोज १० गते बिहान १०:२३ बजे घटस्थापनाको शुभ साइत**

यस वर्ष असोज १० गते सोमबारदेखि नवरात्रारम्भ हुँदैछ । नवरात्रको पहिलो दिन घटस्थापना गरिन्छ । घटस्थापनाका लागि बिहान १०:२३ बजेको साइत शुभ रहेको छ । असोज ११ गते झण्डा फेर्ने साइत ११:११ बजे उत्तम रहेको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले बताए । झण्डा फेर्दा पूर्व मोहडा

*(बाँकी अन्तिम पृष्ठमा)*

## बजार अनुगमन गर्न निर्देशन

**काठमाडौं, भदौ ३१।** राष्ट्रियसभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिले अखाद्य वस्तुको मिसावट र कालोबजारी रोक्न सरकारका विभिन्न निकायलाई निर्देशन दिएको छ ।

'बजार अनुगमन, मूल्यवृद्धि नियन्त्रण, उपभोक्ता हित संरक्षण तथा गुणस्तरीय वस्तुको सहज आपूर्तिका' सम्बन्धमा सिंहदरबारमा शुक्रवार बसेको समितिको बैठकले चाडपर्व नजिकिँदै गर्दा अखाद्य वस्तुको मिसावट र कालोबजारी हुनेतर्फ सजग हुन सरकारलाई आग्रह गरेको छ ।

समितिका सभापति दिलकुमारी रावल थापा ( पार्वती) ले बैठकमा अन्तरमन्त्रालय र तीन तहका सरकारको समन्वयमा बजार अनुगमन गरी अहिले भइरहेको मिसावट र कालोबजारी गर्नेलाई कारबाही गर्न सम्बन्धित निकायलाई निर्देशन दिएको बताइन् । उनले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र नेपाल गुणस्तर तथा नापतौल विभागलाई समितिमा बोलाएर खाद्यान्न वस्तुमा अखाद्य पदार्थ मिसाउन र कालोबाजारी गर्नेलाई कारबाही गर्न निर्देशन दिएको जानकारी दिइन् ।

उनले एकीकृत अनुगमन टोली बनाई बजार अनुगमन गर्नुपर्नेसमेत बताइन् । चाडपर्वको समयमा सर्वसाधारणलाई झुक्काउन अखाद्य वस्तु मिसावट र धेरै मूल्यमा वस्तु बिक्री गर्ने गरेका हुन्छन- उनले भनिन्- अनुगमन गरी बजारलाई नियन्त्रण गर्नुपर्दछ । समितिका सदस्य खिमलाल भट्टराईले खाद्य वस्तुमा कृत्रिम अभाव खडा गर्ने भएकाले सचेत हुनुपर्ने बताए । उनले चिनी, खसी, बोका, भेडा, च्याङ्गाको सहज उपलब्धता हुनुपर्ने भन्दै होटेल रेन्टुराँको पनि नियमित अनुगमन गर्नुपर्ने खाँचो औंल्याए ।

समिति अर्का सदस्य इन्दिरा गौतमले अखाद्य बस्तु बेच्नेलाई हदैसम्मको कारबाही गर्नुपर्ने बताए । उनले स्वदेशी केरा र स्याउलाई प्राथमिकतामा राख्नुपर्ने भनाइ राखिन् । अर्का सदस्य जयन्ती राईले बजारमा अखाद्य वस्तु बेच्ने गरेको पाइएको जनाउँदै अनुगमन हुन नसकेको गुनासो गरिन् । व्यापारीले मनपरि वस्तुको मूल्य लिएका छन् ।

*(बाँकी अन्तिम पृष्ठमा)*

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।

बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६,
दैनिक ओपीडीमा डा. विनय प्रधान , डा. भगवान शाह र
अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।
*दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।*

# किरात राई पत्रकार संघको अध्यक्षमा पुनः राजन

**अर्जुनधारा, भदौ ३१।** किरात राई पत्रकार संघ झापाको पाँचौ जिल्ला अधिवेशन सम्पन्न भएको छ ।

शुक्रबार किरात राई यायोक्खा अर्जुनधाराको भवनमा भएको अधिवेशनले अध्यक्षमा पुनः राजन सम्पाङ राई ( अर्जुनधारा) लाई सर्वसम्मत निर्वाचित गरेको छ ।

समितिको उपाध्यक्षमा रविकिरण वान्तावा राई (बिर्तामोड), सचिव सबिना राई (दमक), सहसचिव पवन चाम्लिङ राई (शिवसताक्षी) र कोषाध्यक्षमा भारती राई (बुद्धशान्ति) चयन भएका छन् ।

त्यस्तै समितिको सदस्यहरुमा सोनिका राई (शिवसताक्षी), दीपसन राई ( अर्जुनधारा), निरन राई (दमक) र सबिन राई (बिर्तामोड) रहेका छन् । अधिवेशनमा किरात राई पत्रकार संघ झापाले अग्रज राई पत्रकारहरुको सम्मानार्थ अक्षयकोष स्थापना गर्ने घोषणा समेत गरेको छ ।




पत्रकारिताको माध्यमबाट राई जातिको मुन्धुम, भाषा, कला, संस्कार संस्कृतिलाई उजागर गर्दै आएका झापाका अग्रज राई पत्रकारहरुको सम्मानका लागि उक्त कोष स्थापनाको घोषणा गरिएको संघका अध्यक्ष राजन साम्पाङले बताए । उनले संघले २ लाखको अक्षयकोष स्थापना गरी 'किरात राई पत्रकार वर्ष उत्कृष्ट पुरस्कार' वितरण गर्ने लक्ष्य रहेको सुनाए । संघले राई पत्रकारहरुको स्वास्थ्य बीमा, पत्रकारिता सम्बन्धि तालिमहरु पनि प्रदान गर्ने लक्ष्य लिएको अध्यक्ष साम्पाङले बताए । कार्यक्रममा प्रमुख अतिथि तथा संघकी केन्द्रीय सदस्य लीला राईले पाँच वटा मैन बत्ती बालेर कार्यक्रको उद्घाटन गर्दै झापाले राई पत्रकारहरुको सम्मानमा अक्षयकोष स्थापनाको घोषणा गर्नु प्रशंसनीय भएको बताइन् । कार्यक्रममा अग्रज पत्रकारद्वय दिपीन राई, रमेश समदर्शी राईले अक्षयकोषको स्थापना गरी अग्रजहरुलाई सम्मान गर्दै जानु आफैंमा राम्रो भएको बताउँदै कार्य योजना, कार्य विधि बनाएर अगाडि बढ्न सुझाव दिए ।

कार्यक्रममा अग्रज पत्रकार दिपीन राईले अक्षयकोषका लागि रु. १० हजार प्रदान गर्ने घोषणा गरे । कोष स्थापनाको घोषणा लगत्तै कार्यक्रमका अतिथि तथा किरात राई यायोक्खा अर्जुनधाराका सदस्य विजय साम्पाङ राईले अक्षयकोषका लागि नगद रु. पाँच हजार प्रदान गरेका थिए ।

उनले राई कूलका पत्रकारहरुको जिम्मेवारी अन्य पत्रकारहरुको भन्दा फरक र पृथक भएको बताउँदै किरात राई जातिको मुन्धुम, भाषा, लिपि, संस्कारको संरक्षणमा महत्वपूर्ण भूमिका हुने हुँदा उनीहरुको सम्मानमा सहयोग गरेको बताए ।

संघका अध्यक्ष साम्पाङको सभापतित्वमा भएको कार्यक्रममा किरात राई यायोक्खा अर्जुनधाराका सल्लाहकार भरतसिंह राई, यायोक्खा सदस्य बिजय साम्पाङ राई, लिम्बू पत्रकार संघका केन्द्रीय सदस्य सेलिङ केसी, इन्द्रकुमार राई लगायतले आ-आफ्नो विचार राखेका थिए । संघका उपाध्यक्ष रविकिरण वान्त्वा राईले स्वागत गरेको कार्यक्रमको सञ्चालन सदस्य सबिना साम्पाङले गरेकी थिइन् ।

## छनौट खेल जारी, आज खो-खो र तेक्वान्दो

**भद्रपुर, भदौ ३१।** आसन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत १ नं प्रदेशस्तरीय छनोट प्रतियोगिताको झापामा खेलाइने खेलहरु जारी रहेको छ ।

बिहीबार झापाको दमकमा शुरु भएको महिला भलिबलका खेलहरु जारी रहेको छ भने शुक्रबार मेचीनगरमा महिला क्रिकेट प्रतियोगिता भएको झापा जिल्ला खेलकुद विकास समितिले जनाएको छ ।

काँकरभिट्टा माविको मैदानमा भएको महिला क्रिकेट प्रतिस्पर्धामा झापाको टिमले मोरङको टिमलाई ९ विकेटले पराजित गरेको छ । पहिलो व्याटिङ गरेको मोरङले निर्धारित २० ओभरमा ५२ रन बनाएको थियो भने जवाफमा झापाले १ विकेट गुमाएर १० ओभरमा लक्ष्य पार गरेको कोच वीरु श्रेष्ठले जानकारी दिए ।

झापा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेषराज भण्डारीको अध्यक्षतामा आयोजित संक्षिप्त समारोहकाबीच प्रतियोगिता उद्घाटन गरिएको थियो । मेचीनगर नगरपालिकाका प्रमुख गोपालचन्द्र बुढाथोकीले बलिङ र उपप्रमुख मीना पोखरेल उप्रेतीले व्याटिङ गरेर खेलको उद्घाटन गरेका थिए । समितिका सचिवालय सदस्य दुर्गाराज निरौलाले सञ्चालन गरेको उद्घाटन समारोहमा क्रिकेट खेलाडी छनौट समितिका संयोजक एवम् जिल्ला खेलकुद विकास समितिका पूर्वअध्यक्ष शंकर थापाले स्वागत गरेका थिए । समारोहमा मेची भन्सार प्रमुख केशवराज ओली, पूर्व क्रिकेटरहरु लाक्पा लामा, प्रदीपराज पाण्डे, हितेन्द्रमान श्रेष्ठलगायतको सहभागिता रहेको जिल्ला खेलकुद विकास समितिका प्रवक्ता जगन दुर्वासा कार्कीले जानकारी दिए ।

बिहीबार दमकमा समतिका अध्यक्ष भण्डारीकै अध्यक्षतामा १ नं प्रदेश खेलकुद विकास बोर्डका सदस्य सचिव हंशराज वाग्लेले प्रदेशस्तरीय महिला भलिबल छनोट प्रतियोगिताको उद्घाटन गरेका थिए ।

शनिबार बिहान मेची रंगशालामा खो-खो र बिर्तामोडको सिटी सेन्टरमा तेक्वान्दो खेलका प्रतिस्पर्धाहरु हुने जिल्ला खेलकुद विकास समितिका कार्यालय सचिव विष्णु नेम्बाङले जानकारी दिए । प्रतिस्पर्धाका लागि जिल्लाबाहिरका टिम र खेलाडीहरु आइसकेको पनि उनले जानकारी दिए ।

शुरुमा उदयपुरमा आयोजना गर्ने भनिएको बक्सिङ खेल झापामै हुने भएको छ । विविध कारणले उदयपुरमा हुन नसकेको प्रतियोगिता धरानमा गर्ने भनिए पनि अन्तिम समयमा झापामा गर्ने निर्णय भएको र झापाको दमकमा त्यसको तयारी गरिएको बक्सिङका प्रशिक्षक भोजराज सिटौलाले जानकारी दिए ।

# भारतमाथि ऐतिहासिक जित, नेपाल फाइनलमा



**काठमाडौं, भदौ ३१।** भारतमाथि ऐतिहासिक जित हात पार्दै नेपाल महिला साफ च्याम्पियनसिपको फाइनलमा पुगेको छ ।

शुक्रबार त्रिपुरेश्वरस्थत दशरथ रंगशालामा भएको खेलमा नेपालले चिरप्रतिद्वन्द्वी भारतमाथि १-० को जित हात पारेको हो । महिला साफ च्याम्पियनसिपको इतिहासमा नेपालले भारतलाई हराएको यो नै पहिलोपटक हो ।

अब नेपालले उपाधिका लागि बंगलादेशसँग खेल्नेछ । नेपाल फाइनलमा पुगेको भने पाँचौं पटक हो । तर, चार पटक नै नेपाल फाइनलमा भारसँग पराजित भएको थियो ।

## करणी मुद्दाका फरार प्रतिवादी पक्राउ

**मोरङ, भदौ ३१।** जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी केराबारी गाउँपालिका-५ बस्ने ३१ वर्षीय अशोक कुमार बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला अदालत मोरङको २०७२ चैत ३ गतेको फैसलाले जबरजस्ती करणी मुद्दामा १३ वर्ष कैद सजाय ठहर भइ फरार भएका उनलाई इलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनलाई जिल्ला अदालत मोरङको आदेशले फैसला कार्यान्वयनका लागि मोरङ कारागार कार्यालय चलान गरिएको छ ।

### करणी ...

गरेको उजुरी परेसँगै पक्राउ गरिएको प्रहरीले जनाएको छ । पीडितमध्ये १७ वर्षकी नाबालिका गर्भवती रहेकी छिन् । उनको करिव दुई महिनाको गर्भ रहेको बताइएको छ ।

पुरोहित पेशा गर्ने पौडेल सोह्रश्राद्ध, पुराणलगायतका कर्मकाण्ड गर्न अर्जुनधारा बारम्वार जाने गरेको र त्यस क्रममा उनले नाबालिका दिदीबहिनीलाई बलात्कार गरेको बताइएको छ। पीडित भनिएकी नाबालिकाकी आमा वुवासँगको सम्बन्ध बिच्छेदपछि विदेशिएकी र बाबु दैनिक काम काजका लागि घर बाहिर रहेको अवस्थामा नाबालिकाहरुलाई पौडेलले बलात्कार गर्ने गरेको अनुसन्धानबाट खुलेको प्रहरी नायव उपरीक्षक कुँवरले बताए ।

पक्राउ परेका पौडेललाई जिल्ला अदालत झापामा नावालिका जबरजस्ती करणी मुद्दामा शुक्रवार म्याद थप गरी ल्याइएको र थप अनुसन्धान भइरहेको बताइएको छ। पीडित बालिकाहरुलाई आफन्तको जिम्मा लगाइएको बताइएको छ ।

### १२,२१७ जनालाई ...

दार्चुला, काभ्रेपलाञ्चोकलगायत जिल्लामा बाढी, पहिरोले मानवीय र भौतिक क्षति पुऱ्याएको छ । उनले बाढी, पहिरो प्रभावितलाई राहत र प्रभावित क्षेत्रमा तत्काल सडक सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराए ।

सांसद डा. विमला राई पौडेलले डेङ्गुले तहल्का मच्चाइरहेकाले यसको नियन्त्रणमा सरकारको ध्यानाकर्षण गराइन् । प्रत्येक घरमा बिरामी छन्, सरकारले डेङ्गु नियन्त्रण गर्नेतर्फ ध्यान दिन सकेन । बजारमा सिटामोलको अभाव छ, जनतालाई ज्वरो आएको छ, सिटामोल पुऱ्याउनु पर्दैन ?- उनले भनिन् । उनले डेङ्गु प्रतिकारात्मक काम कहाँ पुग्यो भनी स्वास्थ्य मन्त्रालयसँग प्रश्न गरिन् ।

सांसद जयन्तीदेवी राईले महँगीको चपेटामा जनता परिरहेको र महँगी नियन्त्रणमा सरकारको ध्यान दिन नसकेको बताइन् । सबैको ध्यान पेट्रोलियम पदार्थको मूल्य बढेकामा गएको देखियो- उनले भने- तर दैनिक उपभोग्यवस्तुको मूल्य अकासिएको छ, यतातर्फ कसैको ध्यान गएको देखिएन । किसानका उत्पादनले उचित मूल्य पाउन नसकेको तथा उपभोक्ताले चर्को मूल्य तिरेर तरकारी खानुपरेको जनाउँदै उनले कृषिजन्य उत्पादनको बिक्री वितरणमा संलग्न विचौलियाको नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गराइन् ।

सांसद खिमलाल देवकोटाले प्रदेशलाई अधिकार दिन कुनै कञ्जुस्याइँ गर्न नहुने बताए । पाँच वर्षसम्म प्रदेशले सरकारको अनुभूति गर्न नपाएको उल्लेख गर्दै उनले संविधानको अनुसूचीमा रहेको एकल अधिकार सूचीका अधिकार पनि प्रदेशले प्रयोग गर्न नसकेको बताए । एकल अधिकार क्षेत्रभित्र रहे पनि अहिलेसम्म प्रहरी समायोजन भएको छैन, संघीय निजामतीसम्बन्धी कानून नहुँदा प्रदेश निजामती कानून बन्न सकेको छैन, बनेका पनि प्रभाकारी छैनन्- उनले भने- प्रदेश लोकसेवा आयोग प्रभावकारी बन्न सकेको छैन, प्रदेशमा ४० प्रतिशत कर्मचारी न्यून छन्, भएका कर्मचारीको पनि स्थायित्व छैन, प्रदेश मन्त्रालयका सचिवको छोटो अवधिमा नै सरुवा हुने गरेको छ । प्रदेशका अधिकारलाई सङ्कुचन हुनेगरी विभिन्न संघीय कानून बनेको जनाउँदै उनले कर्मचारी, कानून, वित्तीय साधन स्रोतलगायत आधारभूत संरचना सुनिश्चिता नगरिए प्रदेश सरकारले आफ्नो औचित्य पुष्टि गर्न नसक्ने बताए ।

सांसद कमला पन्तले आगामी निर्वाचनमा महिला सहभागिता सुनिश्चित गर्न राजनीतिक दलले ध्यान दिनुपर्ने बताइन् । उनले भनिन्- महिलाले निर्वाचनमा भाग लिन सक्दैनन् भन्ने होइन, उनीहरुले निर्वाचनमा विजयी हुन्छन् भन्ने मानसिकता नेतृत्वको हुनुपर्छ । सांसद देवेन्द्र दाहालले मुलुकको समृद्धि, सुशासनका लागि सरकारले ध्यान दिनुपर्ने बताइन् । रोजगारी सिर्जना, भ्रष्टाचार नियन्त्रण, अनुशासनहिनताको अन्त्य गरिनुपर्ने बताए ।

सांसद गोमादेवी तिमिल्सिना जनताले गणतन्त्रको अनुभूति गर्न नपाएको जनाउँदै जनजीविकाका सवाल सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराइन् । महँगीले चरम सीमा नाघेको छ, स्वदेशमै उत्पादित सामग्रीको मूल्य पनि अकासिएको छ- उनले भनिन्- कृषिप्रधान मुलुक भने पनि दैनिक उपभोग्य वस्तु आयातमा आधारित छ, सरकारले खेतीयोग्य जमिन बाँझो नराखी कृषि उत्पादन गराउने तर्फ लाग्नुपर्छ ।

### बजार ...

सरकारले अनुगमन गर्न सकेको छैन- उनले भनिन्- अहिले दैनिक र अरु बेला साप्ताहिकरुपमा अनुगमन गर्नुपर्दछ । समितिका अर्का सदस्य रामचन्द्र रायले सरकारले ल्याएको नीति, नियम कार्यान्वयन नगरेको हुनाले बजारमा विचौलिया बढेको बताए । उनले शुपथ मूल्यका पसल सञ्चालन गर्नुभन्दा मूल्य नियन्त्रणमा ध्यान दिनुपर्ने भनाइ राखे ।

समितिका सदस्य इन्दु कँडेलले बजार अनुगमन नहुँदा व्यापारीको मनोमानी बढेको बताइन् । उनले शुपथ मूल्यका पसलमा धनी वर्गको मात्र पहुँच बढेको जनाउँदै नेपाल भारत सीमा क्षेत्रमा अखाद्य वस्तु बढी मिसावट हुने गरेको बताइन् । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा. तोयनारायण ज्ञवालीले मन्त्रालयको क्षमताअनुसार बजार अनुगमनलाई प्रभावकारी बनाइने जानकारी दिए ।

उपभोक्ता संरक्षण विभागका महानिर्देशक महेश भट्टराईले अगामी असोज २ गतेबाट १० सयुक्त अनुगमन टोलीले बजार अनुगमन गर्ने जानकारी दिए । उनले अखाद्य वस्तुको मिसावट र कालोबजारीबारे सर्वसाधारणलाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने बताए । उनका अनुसार यही भदौ ३० गते पाँच सय ५६ व्यापारी फर्ममा अनुगमन गर्दा एक सय सात व्यापारी फर्मबाट अखाद्य वस्तु र म्याद गुज्रेका सामान बरामद गरी २१ लाख जरिवाना गरिएको थियो । नापतौल विभागका महानिर्देशक दिनानाथ मिश्रले नापतौलका सामग्रीको नियमित अनुगमन गरिरहेको जानकारी दिए ।

### टीकाको ...

गरेर फेर्नुपर्ने पनि उनले जानकारी दिए ।

असोज १४ गते शुक्रबार पचलीभैरव यात्रा हुने भएको छ । असोज १६ गते आइतबार फूलपाती पर्व परेको छ । यसै दिन बिहान १०:०५ बजे तुलजा भवानी यात्राको साइत जुरेको छ । तुलजा भवानीलाई स्थिरासनमा राख्ने साइत बिहान ११:३५ बजेको छ । असोज १७ गते सोमबार महाअष्टमी पर्व परेको छ । राति भने कालरात्रि पर्व मनाइन्छ । असोज १८ गते मङ्गलबार महानवमी पर्व परेको छ । असोज १९ गते बुधबार विजयादशमी पर्व परेको छ । नेपालीको महान् पर्व बडादशैंको यो मुख्य दिन हो । यस दिन बिहान ७:३५ बजे तुलजा भवानी यात्राको साइत छ । तुलजा भवानीलाई स्थिरासनमा राख्ने साइत भने ८:४७ बजे रहेको समितिले जनाएको छ । खड्गयात्रा पनि यसै दिन परेको छ ।

असोज २२ गते शनिबार सबै बलिपूर्ति गर्नुपर्ने छ। असोज २३ गते आइतबार कोजाग्रत पूर्णिमा पर्व परेको छ। यस दिन बेलुकी घर घरमा धनधान्यकी देवी महालक्ष्मीको पूजा आराधना गरेपछि १५ दिन लामो दुर्गा पक्ष अर्थात् दशैं पर्व समापन हुन्छ। बडादशैंका अवसरमा बजार पसलमा पनि भीड हुने गर्छ। राम्रो लगाउने र मीठो खाने पर्वका रूपमा पनि यसलाई उल्लासमय वातावरणमा मनाइन्छ। दशैं नजिकिएसँगै बजारमा भीड बढ्न थालेको छ । दशैंमा सहुलियत मूल्यमा खाद्य पदार्थ बिक्री वितरणका लागि सरकारले शुपथ मूल्य पसल पनि सञ्चालन गर्दै आएको छ ।

दशैंमा विशेषगरी बालबालिकाले पिङ खेल्ने, चङ्गा उडाउने गर्छन् । दशैं पर्व बालबालिकाकै लागि हो भन्ने भनाइ पनि नेपाली समाजमा रहेको छ । बालबालिकाले रमाइलो गर्ने यो पर्वलाई प्रौढले भने देवीको पूजा, उपासना गरी मनाउँछन् । यस पर्वका अवसरमा देशभरका शक्तिपीठमा भक्तजनको विशेष उपस्थिति रहन्छ । शक्तिपीठमा बलिसहित पूजा गर्ने भक्तजनको पनि बाक्लो उपस्थिति रहन्छ ।

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।
चार वर्षे B.Ed., एक वर्षे B.Ed. र M.Ed. का कक्षाहरु सञ्चालित
पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त
मदन-आश्रित स्मृति बहुमुखी क्याम्पस
कमल गाउँपालिका-०३, केर्खा, झापा



वार्षिक परीक्षा प्रणाली
यस शैक्षिक सत्र २०७९/०८० का लागि B.Ed. र M.Ed. प्रथम वर्षमा भर्ना खुल्यो ।
सञ्चालित कार्यक्रमहरु :-

चार वर्षे B.Ed. कार्यक्रम
- IT (Computer)
- नेपाली
- स्वास्थ्य
- जनसंख्या
- अंग्रेजी

एक वर्षे B.Ed. कार्यक्रम
- IT (Computer)
- नेपाली
- स्वास्थ्य
- जनसंख्या
- अंग्रेजी
- गणित

M.Ed. कार्यक्रम
- नेपाली
- स्वास्थ्य
- EPM

हाम्रा विशेषताहरु :
१. मल्टिमिडिया प्रणालीबाट अध्यापन गरिने ।
२. दक्ष तथा अनुभवी प्राध्यापकद्वारा अध्यापन गरिने ।
३. शान्त तथा स्वच्छ वातावरणमा अध्यापन हुने ।
४. कक्षाकोठाहरुमा प्रोजेक्टरको व्यवस्था भएको ।
५. पुस्तकालयको राम्रो व्यवस्था भएको ।

सम्पर्क नं. ०२३-४७५१८८, ९८५२६६१४४४, ९८४२६७१७८९
E-mail : madanashritcampus@gmail.com

द.नं. ३/१/७/५२४/२०६७/०६८
सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड-४, झापा
स्था.: २०६७

१२ औं बार्षिक साधारणसभा सम्बन्धीको सूचना

यस सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०७९।०५।१७ गते बसेको संचालक समितिको बैठकले गरेको निर्णय अनुसार यहि मिति २०७९।०६।२९ गते शनिबारका दिन संस्थाको १२ औं बार्षिक साधारणसभा सम्पन्न गर्ने निर्णय भए अनुसार उक्त साधारणसभामा सहभागिताको लागि सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा सहकारी विभागबाट जारी सहकारी संस्थाको साधारणसभा सम्बन्धी पहिलो संशोधन निर्देशिका २०७६ को अधिनमा रही सदस्यको लोकतान्त्रिक नियन्त्रणको सहकारी सिद्धान्त अनुरुप सहकारी संस्थाहरुको साधारणसभा सम्बन्धी निर्णय प्रमाणित गर्न सहकारी नियमावली २०७५ को दफा ७६ (झ) बमोजिम सहकारी विभागको मिति २०७९।०५।०९ गतेको पत्र अनुसार बढीमा ७ ईकाईमा ईकाइगत साधारणसभा गर्नुपर्ने भएकोले निम्न मिति, स्थान र समयमा प्रतिनिधि छानिने भएकोहुँदा आ-आफ्नो सेवाकेन्द्र अन्तर्गतका ईकाइहरुमा गरिने साधारणसभामा यहाँहरुलाई अनिवार्य उपस्थितिको लागि सूचना गरिएको छ। यसै सूचनालाई आधार मानी ईकाइगत साधारणसभामा सहभागी भई साधारणसभाको प्रतिनिधित्व गरीदिनुहुन हार्दिक अनुरोध छ।

मिति २०७९।०६।०२ देखि १० गतेसम्म शेयरसदस्य महानुभावहरुलाई पायक पर्ने सेवाकेन्द्रबाट प्रतिवेदन लिन र सुझाव प्रदान गर्नका लागि अनुरोध छ।

प्रथम ईकाइ (चन्द्रगढी)
१) बनियानी सेवाकेन्द्र
२) भद्रपुर सेवाकेन्द्र
३) चन्द्रगढी सेवाकेन्द्र
४) गरामनी सेवाकेन्द्र
५) राजगढ सेवाकेन्द्र
६) गोलधाप सेवाकेन्द्र
मिति : २०७९ असोज ११ गते
स्थान : दुर्गा पाञ्चायन मन्दिर, धनुषमोड
समय : १०:०० बजे बिहान

दोश्रो ईकाइ (धुलाबारी)
१) भृकुटी सेवाकेन्द्र
२) काँकरभिट्टा सेवाकेन्द्र
३) धुलाबारी सेवाकेन्द्र
४) चारआली सेवाकेन्द्र
५) बुधबारे सेवाकेन्द्र
मिति : २०७९ असोज १२ गते
स्थान : कृष्ण पार्टी प्यालेस, धुलाबारी
समय : १०:०० बजे बिहान

तेश्रो ईकाइ (विर्तामोड)
१) विर्तामोड सेवाकेन्द्र
२) विर्ताबजार सेवाकेन्द्र
३) शनिश्चरेरोड सेवाकेन्द्र
४) शनिश्चरे सेवाकेन्द्र
५) खुदुनाबारी सेवाकेन्द्र
६) सितली सेवाकेन्द्र
७) लक्ष्मीपुर सेवाकेन्द्र
मिति : २०७९ असोज १३ गते
स्थान : ईन्द्रेणी पार्टी प्यालेस, पुरानो भद्रपुररोड
समय : १०:०० बजे बिहान

चौथो ईकाइ (दुधे)
१) सुरुङ्गा सेवाकेन्द्र
२) कामाटोली सेवाकेन्द्र
३) दुधे सेवाकेन्द्र
४) शिवगंज सेवाकेन्द्र
मिति : २०७९ असोज १४ गते
स्थान : सतासीधाम सामुदायिक अध्ययन केन्द्र
समय : १०:०० बजे बिहान

पाँचौ ईकाइ (दमक)
१) गौरीगंज सेवाकेन्द्र
२) गौरादह सेवाकेन्द्र
३) पाडाजुँगी सेवाकेन्द्र
४) पशुहाट सेवाकेन्द्र
५) पुरानोआम्दा सेवाकेन्द्र
६) क्याम्पसमोड सेवाकेन्द्र
मिति : २०७९ असोज २५ गते
स्थान : कस्मिक पार्टी प्यालेस, दमकचोक
समय : १०:०० बजे बिहान

छैठौं ईकाइ (पथरी)
१) पथरी सेवाकेन्द्र
२) रमाईलो सेवाकेन्द्र
३) लेटाङ्ग सेवाकेन्द्र
४) बेलबारी सेवाकेन्द्र
५) विराटचोक सेवाकेन्द्र
६) मधुमल्लारोड सेवाकेन्द्र
७) मधुमल्ला सेवाकेन्द्र
८) बरगाछी सेवाकेन्द्र
९) दाम्राभिट्टा सेवाकेन्द्र
१०) मंगलबारे सेवाकेन्द्र
मिति : २०७९ असोज २६ गते
स्थान : सिन भिलेज पार्टी प्यालेस, पथरी शनिश्चरे-२
समय : १०:०० बजे बिहान

सातौं ईकाइ (ईलाम)
१) चोकबजार सेवाकेन्द्र
२) फिक्कल सेवाकेन्द्र
३) नेपालटार सेवाकेन्द्र
४) राँके सेवाकेन्द्र
५) नयाँबजार सेवाकेन्द्र
६) बिब्ल्याँटे सेवाकेन्द्र
७) मंगलबारे सेवाकेन्द्र
८) श्रीअन्तु सेवाकेन्द्र
९) पशुपतिनगर सेवाकेन्द्र
मिति : २०७९ असोज २७ गते
स्थान : जिल्ला समन्वय समितिको भवन, ईलाम-७
समय : १०:०० बजे बिहान

मुल साधारणसभा कार्यक्रम :
मिति : २०७९ असोज २९ गते, शनिबार
स्थान : ईन्द्रेणी पार्टी प्यालेस, पुरानो भद्रपुररोड, विर्तामोड-४, झापा
समय : बिहान १०:०० बजे
सम्पर्क नं. : ०२३-५४४९२५

(सुवास भट्टराई)
अध्यक्ष

Email : simriksakosh2067@gmail.com / Website : simriksacos.com.np / Facebook : facebook.com/simriksacos

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

कविता/गजल

## पितृ सन्देश



**लक्ष्मीप्रसाद खतिवडा**

ए छोरा सुन पितृको छ महिमा यो श्राद्धको पक्षमा
त्यागी नस्वर देह आज म पुगेँ भोग्दै नरक् स्वर्गमा
दिन्छौ पिण्ड र जल महालय गरी आमा सधैँ सम्झिनु
यौटा गोप्य कुरा म भन्छु- मनको सर्वत्र फैलाउनु ।

मैंले भूल गरेँ हुँदैछ पछुतो यो स्वर्ग आए पनि
पश्चाताप गरी दिँदैछु उपदेश तिम्रा पितामा अनि
साठी ऋस गरी सत्तरी हुनुभयो माला जपेस् भन्नु है
मैंले झैं यमदण्ड भोग्नु नपरोस् देश लुट्नमा लुब्ध भै ।

चाँडै हुन्छ अरे चुनाव सुनियो मंसीरमै होस् पनि
भत्ता राष्ट्रिय खान जो पुगिसके त्यस्ता उम्मेदवार बनी
आएमा उनलाई भोट नदिएस् सन्देश हो पितृको
पैले त्यो बहुमूल्य मत दुरूपयोग पक्कै भएको थियो ।

बाबु चुक्नु हुँदैन है विगत झैं पाँच वर्षमा देशको
फेर्नैपर्छ मुहार जीर्ण अनुहार फ्याँकेर सम्भव छ जो
जो छन् स्वच्छ स्वत्रन्त्र वा जुनसुकै पार्टी प्रवेशी रहून्
आफ्नु हैन समाजमा छवि असल छानेर नै भोट दिउन् ।

यो हो वैदिक राष्ट्र देवगणको क्रीडास्थली भूमि हो
शम्भू हुन यस देशका प्रमुख नै निष्ठा छ जस्मा ठूलो
उनकै सेवक हुँ भनझेर मनमा आस्था र विश्वास लिने
आएमा थर, गोत्र, जात नभनी छापहानी देश सुम्पिने ।

पैलेकै अनुहार बुद्ध कुरूपी दम्भी र जो भ्रष्ट छन्
उनकै सेवक भै अझै पछि कुदे बर्वाद देश हुन्छ नै
बेचे राष्ट्रियता स्वधर्म जसले निर्लज्ज जो लम्पसार
त्यस्ता छद्य जिताउने अझ पतित् जनता नहुन् बारबार ।

आज्ञा यो नसुनी प्रलोभन परी स्वार्थपनाले तिमी
पाखण्डी कुलधर्म, हीनपथमा संलग्न छन् दुर्गुणी
नामै हुन्न लिनु भनेर शिवको खान्छन् शपथ धूषको
त्यस्तालाई जिताउने त्रुटि गरे पक्कै नरक बास भो ।

**श्री शंकराचार्यपीठ साधुटार**
**झापा, नेपाल**

## गजल



**सुनामी कोसिस**

यो देश गज्जबले चलाउँछ दलालले
आश्वासनै आश्वासन फलाउँछ विशालले

मानौं उ राहदानी बोकेर जानै पर्दैन
ढुंगा हानेरै पैसा कमिन्छ कमालले

देश दुख्यो भने स्वाभिमानी मनभित्र
स्वतन्त्रता छ ओकल्न मात्र सवालले

आदि त प्राकृतिक प्रकोपले बढाऱ्यो
बाँकी सरकारको राहत आलटालले

मरेन भने आश जस्तै शरीर पनि
एकदिन महल बन्ने छ त्रिपालले ।

***बिर्तामोड-३, झापा***

# सार्थक जीवन बाँचेका आचार्य



**यज्ञराज प्रसाईं**

**क) पृष्ठभूमि :**

कवि जीवन आचार्य थोरै बाँचे तर नेपाली साहित्य तथा कला क्षेत्रमा एउटा सिंगो युग नै दिएर गए। एउटै जीवनमा दुई सम्मानित व्यक्तित्व बोकेका थिए, प्रयोगधर्मी जीवन आचार्यले। मलाई लाग्छ उनका तत्कालीन कविताहरु नयाँ गणतान्त्रिक परिवेशमा पनि सान्दर्भिक छन्, समसामयिक छन्। त्यस्तै उनको अर्को व्यक्तित्व चित्रकलाले सामन्त व्यवस्थाको उच्छेदका लागि व्यङ्ग अभिव्यक्ति दिएका छन्। कविताले अभिव्यक्ति दिन अधुरो भए त्यसलाई रङ्गको लेपनद्वारा अभिव्यक्तिमा पूर्णता दिन चाहने कवि आचार्यले २०४६ साल चैत्रबाट शुरु भएको पहिलो जनआन्दोलन र निरंकुश राजतन्त्रको उच्छेदलाई आफ्नै आँखाले देख्नै नपाई २०४६ साल बैशाख २३ गते आफ्नो ३० बर्षको अल्पायुमा नै सम्भावित क्रान्तिलाई अधुरै छाडेर गए। त्यतिबेला पञ्चायती निरंकुशताको उत्कर्षकाल थियो र सचेत स्रष्टाहरु त्यसको प्रतिपक्षमा पंक्तिबद्ध हुँदै गइरहेका थिए। देश वैचारिकरुपले 'देशान्तर' तथा 'दृष्टि'मा भङ्गालिएर मानव अधिकार, वाक्स्वतन्त्रता, सांस्कृतिक रुपान्तरण तथा प्रजातन्त्र खोजिरहेका थिए। प्रजातन्त्रवादीहरुको मुखपत्र 'देशान्तर'बाट चर्चित स्तम्भ अर्थात्ले सामन्तवाद माथि धावा बोलिरहेका थिए। उनको अभिव्यक्तिमा निरंकुशताबिरुद्धको विप्लव थियो, विद्रोह थियो। उनको पहिलो कविता संग्रह 'अन्तहीन शुरुवात (२०४०)' निरन्तर क्रान्ति र परिवर्तनको यात्राको लागि विम्व बनेको छ र यो अहिले पनि ४० को दशकमा जत्तिकै सान्दर्भिक छ।

नेपालमा राजनीतिक क्रान्ति हुने र फेरि प्रतिक्रान्तिमा बदलिने र त्यसपछि फेरि बलिदान र आत्मत्याग खाँचो भइरहने दुर्भाग्य नै 'अन्त्यहीन शुरुवात'को भाव अहिले पनि हामीले भोगिरहेका छौं। यस संग्रहभित्रका अन्त्यहीन शुरुवात, लेउ, च्याउ र खिया, म नहारेको भए तिमीले कसरी जित्थ्यौ, जल्न बाँकी सिंहदरवारका फाइलहरु उनका बेजोड कविताहरु हुन् र यी नेपाली विद्रुप राज्यसत्ताबिरुद्ध लक्षित छन्। 'जल्न बाँकी सिंहदरवारका फाइलहरु' कविताले सिंहदरवारभित्रको भ्रष्टाचारलाई छोप्न चाहने बेइमानहरुको आगजनीको प्रपञ्चको विम्व बनेर उभिएको छ र यसले अहिलेको गणतन्त्रमा पनि सान्दर्भिक बनेर व्यङ्ग झोसिरहेको छ। उनी साँच्चै नै मोतीराम भट्ट र जनकवि गोकुल जोशी झैं ३० बर्षमै गए, अल्पायुमै गए, तर सिंगो युगकै व्यथा र पीडालाई शब्द र रंगले लिपेर गए। उनी आफू अन्त्य भए पनि लेखन र लेपन अहिले पनि फेरि यात्राको शुरुवातमा छ र सम्भावित नयाँ परिवर्तनको निरन्तर खोजीमा छ।

**ख) कवि जीवन आचार्यसँगको परिचय :**

कवि जीवन आचार्य बुवा साहित्यकार कमल 'जङ्गली' तथा आमा जयकला आचार्यको जेठो छोरा थिए। उनको जन्म पाँचथर जिल्ला याशोक गाविस वडा नं. ७ चुचुरेमा वि.सं. २०१५ सालमा भएको थियो। उनका बुबा कमल 'जङ्गली' (आचार्य)ले आफ्नो आत्म-संस्मरण 'मेरो जीवन यात्रा'मा भनेका छन्- 'गर्भमा कुपोषण भएर होला जीवनको दाहिने खुट्टामा पोलियो थियो।' जन्मदै छोराको अपाङ्गताले बुवा, आमा तथा हजुरबुवा र सबैमा ठूलो पीडा थियो। त्यो बेलाको चलन अनुसार परम्परागत विधि धामी-झाँक्री सबैको प्रयोग भयो। वीपी स्वास्थ्य केन्द्र, धरानमा उनलाई तीन महिना उपचार गरियो तर सुधार भएन। त्यसपछि आफ्नै विकट गाउँ याशोकको चुचुरे गाउँमा कमल 'जङ्गली' निराश हुँदै अपाङ्ग छोरालाई लिएर फर्के। जेठा छोराको त्यो दुर्दशापूर्ण अवस्था परिवारमा सधैँको लागि मुटुको घाउ बनेर रह्यो।

कमल 'जङ्गली' आचार्यको परिवार निम्न मध्यम वर्गीय थियो र पेटभर खान पनि धौ-धौ परिरहेको थियो। पहाडको ठाउँ खेतीपाती पउल नहुनाले उनीहरुको अवस्था कन्तविजोक थियो। पिता रामलाल र माता बसुन्धराबाट जन्मेका कमल 'जङ्गली' ११औं सन्तान थिए। उनी पाँच बर्षको नपुग्दै उनी मातृवात्सल्यबाट सदाको लागि विमुख हुन पुगे। आमा बसुन्धरा बित्दा उनका १४ सन्तान मध्ये दुई छोरा र तीन छोरीमात्र बचेका थिए। त्यो बेलाको अशिक्षाको अन्धकार समाजमा गाउँमा स्वास्थ्य केन्द्रको स्थापना र अवस्थिति सपनाको कुरा थियो। कोही सन्तान गर्भावस्थामा नै मरे त कोही विमारी परेर बिते। आमा बित्दा कमल 'जङ्गली' को ब्रतवन्ध नभएकोले उनका जेठा दाइले काजकिरिया गरे। उनका दुईवटी बहिनीहरु एउटी तीन महिना र अर्की बहिनी दुई बर्षका थिए र घरको दयनीय अवस्थाबाट संवेदित बनेर तीन महिने बहिनीलाई काहिली फुपूले र दुई बर्षे बहिनीलाई ठूलीआमाले लालन पालन गर्न लगेका थिए। आमा बसुन्धराको निधनपछि घर अस्तव्यस्त बनेको थियो। सानोमा कमल आचार्य पाँच बर्ष नपुग्दै रानीवनतिर प्रायः घुम्न र खेल्न जान्थे। आमाले उनलाई खोज्न जाँदा एक्लै उनी जङ्गलतिर खेलिरहेका भेटिन्थे। उनलाई सन्त्रास थियो छोरालाई जङ्गलमा बाघ भालुले आक्रमण गर्ने त होइन! आमाले सानामा आफूलाई 'जङ्गली' भन्ने गरेकाले कमल आचार्यले 'जङ्गली' उपनाम राखेको देखिन्छ।

आर्थिक अवस्था कमजोर भएकाले आफ्नो परिवारको जीवन निर्वाहलाई सहज बनाउन कमल 'जङ्गली' आचार्य आफ्ना बृद्ध बुवा, श्रीमती, छोरा छोरीसहित २०२५ सालमा दमकमा बसाइ सरे। जेठा छोरा जीवन आचार्यले त्यो बेलासम्म पहाडको गाउले पाठशाला शिद्धिशरणमा कक्षा ५ को अध्ययन गरिसकेका थिए। कमल 'जङ्गली' का २ छोराहरु मध्ये कान्छाको नाम टंकराज आचार्य थियो र उनको जन्म वि.सं. २०१८ सालमै यासोकको चुचुरेमा नै भएको थियो। एकमात्र छोरी राधा आचार्यको जन्म २०२२ साल माघ १९ गते थुम्वेदिन (ताप्लेजुङ)मा भएको थियो। त्यो बेला कमल जङ्गली त्यहाँ शिक्षण पेशामा कार्यरत थिए। उनी युवा अवस्थादेखि नै भ्रष्टाचार विरोधी थिए र स्वस्थ समाजको निर्माणमा लागि पर्ने इमान्दार समाजसेवी थिए। यासोकको पञ्चे नेता पद्‌मसुन्दर लावतीले केन्द्रबाट विभिन्न शीर्षकमा ल्याएको अनुदान रकममा भएको भ्रष्टाचार बारे उनले राजा महेन्द्र र पछि वीरेन्द्र समक्ष पनि बिन्तीपत्र चढाए र कारवाहीको लागि माग गरे। तर, केन्द्रसम्मै पहुँच भएका लावतीको अगाडि उनको केही चलेन। उनी उल्टै लावतीको प्रपञ्चमा परे। २०२३ सालदेखि नेपाल औलो उन्मूलन संघमा गर्दै आएको जागिर लावतीको कोपभाजनमा पऱ्यो र २०४० सालमा आफ्नो ज्यानै बचाउन पनि उनले पेशाबाट राजीनामा दिनु पऱ्यो। युवा जीवन आचार्यले घरपरिवारको दयनीय अवस्था र गाउँका सामन्तको तथा प्रशासनिक निरंकुशतालाई नजिकबाट अध्ययन गरिरहेका थिए र उनीभित्र प्रतिशोध र विप्लवी चेतना जन्मिरहेको थियो उनले देशमा परिवर्तनको जरुरी महशुस गरिरहेका थिए।

२०३६ सालको शिक्षक आन्दोलन तथा जनमत संग्रहको रापतापका संघर्ष र सभाहरुको गल्छेडाहरुतिर कमल दाइसँग मेरो परिचय भएको थियो। शिक्षक आन्दोलनको नेताको हैसियतले अभिभावकहरुको भूमिका र समर्थन खोज्ने क्रममा मैले भेटेका भरपर्दा मित्र थिए कमल दाइ। उनी पञ्चायती सत्ताको कडा प्रतिपक्षी थिए र हाम्रा असल समर्थक। शिक्षक मित्र उमाकान्त खतिवडा उनका जेठान संगठनको प्रतिबद्ध सदस्य भएकाले पनि म कमल दाइसँग नजिक हुन पुगेको थिएँ र परिवारसँग एकाकार। भाइ जीवनसँग पनि म परिचित थिएँ।

**ग) जीवन आचार्यका सिर्जनात्मक क्रियाकलापः**

कवि, कथाकार, पत्रकार, स्तम्भकार तथा चित्रकार जीवन आचार्यका कथाहरु मैले वि.सं.२०३६ सालदेखि नै पढ्दै आइरहेको थिएँ। कविता जस्तै उनका कथाहरु पनि विम्वहरुसँग खेलेको पाएको थिएँ र दुई-तीन पटक दोहोऱ्याएर अध्ययन गर्नुपर्ने र अर्थ खोज्नु पर्ने। उनले २०३४ सालमा ललितकला क्याम्पसमा भर्ना लिई २०३९ सालमा स्नातक प्राप्त गरेपछि 'चित्रकला' उनको जीवनको अर्को महत्वपूर्ण व्यक्तित्व बन्न पुग्यो। घरको आर्थिक अवस्था कमजोर र बुवाको जागिर पञ्चायती चाटुकार लावतीले खाइदिएपछि जीवनले आफ्नो जीवन निर्वाह आफै खोज्नु थियो। काठमाडौंको भीडमा बाँच्न कसैसँग अनुनय विनय गर्नुभन्दा आफ्नै बल-वर्गतमा उभिन खोजिरहेका थिए। पञ्चायत व्यवस्थाको क्रुरतामाथि प्रहार गर्ने प्रजातन्त्रवादी कित्तामा उनी जोडिएकाले उनलाई सजिलै जागिर दिने अवस्था थिएन। २०३६ सालको विद्यार्थी आन्दोलनले एउटा नयाँ परिवेशको जन्म भएको थियो र

घरको आर्थिक अवस्था कमजोर र बुवाको जागिर पञ्चायती चाटुकार लावतीले खाइदिएपछि जीवनले आफ्नो जीवन निर्वाह आफै खोज्नु थियो। काठमाडौंको भीडमा बाँच्न कसैसँग अनुनय विनय गर्नुभन्दा आफ्नै बल-वर्गतमा उभिन खोजिरहेका थिए। पञ्चायत व्यवस्थाको क्रुरतामाथि प्रहार गर्ने प्रजातन्त्रवादी कित्तामा उनी जोडिएकाले उनलाई सजिलै जागिर दिने अवस्था थिएन।

जनवर्गीय संगठनहरु उन्मुक्तिको लागि देशभर आन्दोलित थिए। गुरुकुलको डवलीमा कवि जीवन आचार्यले पाइला राखिसकेका थिए र काठमाडौंमा सडक कविता क्रान्ति (२०३६)मा दिलोज्यान दिएर लागेका थिए। 'कान्छा' र 'बहादुर'को हीनताबोधबाट माथि उठ्न खोजिरहेका थिए र उनलाई 'अर्राष्ट्रिय' शब्द नै प्रिय थियो। देशमा उपनिवेशको ज्यादतीको ग्रहण उनलाई मन परेको थिएन।

वि.सं. २०३७ सालपछि म शिक्षक संगठन, जनसांस्कृतिक मञ्च तथा बुद्धिजीवी संगठनको बैठकहरुमा सामेल हुन आवागमन गर्दा कवि जीवनसँग कहिले अनामनगरको सडकतिर त कहिले प्रदर्शनी मार्गीतिर भेट्घाट हुन्थ्यो। उनीले अत्यन्त शालीन र नम्रभावमा कुराकानी गरेको अहिले पनि मेरो संस्मरणमा छ। उनी त्यो बेला अनामनगर तिर नै बसोबास गरे जस्तो लाग्छ। एउटा खुट्टा खोच्याएर आर्थिक अभावभित्र छट्पटाउँदै परिवर्तन खोज्ने उनी आफै एउटा बिम्व थिए। एउटा खुट्टाले राम्ररी काम नगर्ने विश्व प्रसिद्ध चार्ल्स डिकेन्स झैं लेखन र चित्रकलाको प्रौढताले उनी महान् छन्। डिकेन्स प्रसिद्ध उपन्यासकार थिए भने उनी प्रसिद्ध आधुनिक कवि, कथाकार र कुचीकार थिए।

उनले 'अकुञ्चन' (२०३६) र आस्था (२०३६) जस्ता साहित्यिक पत्रिकाको सम्पादन गरेका थिए र आफ्नो लेखन क्षमताको विकास गर्दै थिए। उनी २२ बर्ष पुग्दा नपुग्दै २०४० सालमा 'साहित्यिक पत्रकार महासंघ'बाट 'व्यथित काव्य पुरस्कार' प्राप्त गरेका थिए। २०४० साल पुष महिनादेखि २०४६ साल बैशाख २५ गतेसम्म 'देशान्तर पत्रिका' मा 'अर्थात्' स्तम्भमा व्यङ्गात्मक टिप्पणी लेखे र परिवर्तन खोजे। उनी निरंकुशताको विस्थापन र प्रजातन्त्रको स्थापना खोजी गरिरहेका थिए।

कवि जीवन आचार्य मानवीय मूल्य स्थापना गर्न चाहने चेतनाका संवाहक थिए। परम्परागत रुपले घिस्रिँदै आइरहेको सामाजिक, सांस्कृतिक, राजनीतिक रुढमाथि प्रहार गर्ने उनका कविताहरु साँच्चै नै वैचारिक क्रान्ति थिए। जीवनका कविताहरुलाई २०३५ देखि २०४१ साल र २०३६ देखि २०४६ सालसम्म दुई चरणमा छुट्याएर हेर्नुपर्ने हुन्छ। प्रसिद्ध नाटककार तथा कवि बालकृष्ण समले उनका कविताहरुलाई एउटा नयाँ मोडको रुपमा स्वीकारेका छन् र आधुनिकताको मोड मानेका छन्। त्यस्तै युगकवि सिद्धिचरण श्रेष्ठले आचार्यको कवितालाई विचारको दृष्टिले नयाँ फड्को मानेका छन् र उनका कवितामा यथार्थताको खोजी छ भनेर मूल्यांकन गरेका छन्। कवि आचार्यले पञ्चायती निरंकुशतालाई पर्दा मानेर अलिक विवश भएर भनेका छन्- 'धूनहरु अभिमञ्चित गरेर पर्दाभित्र म, पर्दा उघ्रिने प्रतिक्षामा बसेको छु। पर्दा...उघ्रदैन।' तर, समीक्षक मदनमणि दीक्षितले उनलाई ढाढस दिँदै भन्छन्- 'पर्दा उघ्रनै पर्छ जीवन...उघ्रनै पर्छ।'

ईश्वर बल्लभ भन्छन्- 'जीवन आचार्य प्रभावी भइसके। नेपाली दौतरी साहित्यमा उनको कवितामा नवीनतम सुन्दरताको जन्म भएको छ। त्यस्तै समालोचक तारानाथ शर्माले भनेका छन्- 'उनले प्रयोग गरेका विम्व तथा प्रतीकहरुमा प्रभावोत्पादकता वा सजीवता पाइन्छ र ती ओजस्वी छन्।' त्यस्तै प्रसिद्ध कवि केदारमान व्यथितले उनका कविताहरुलाई सार्वभौमिक मूल्यका रुपमा लिएका छन् र उनले मानवताको धज्जी उडाउने विकृतिहरु प्रति लक्षित शिष्ट व्यङ्ग विम्वहरु प्रयोग गरेका छन्। उनका कवितामा सूर्य उत्पन्न गर्ने प्रयास पाइन्छ।

२०४५ सालको माघ/फागुनतिर मलाई झापामा वारेण्ट भयो। 'संकेत' पत्रिकासँग जोडेर मलाई प्रशासनले पक्रने प्रयास गरिरहेको थियो र म केही महिना काठमाडौंमा भूमिगत बनें। त्यो बेला म दिनमा एकपटक बागबजारमा माथ्लोतलामा रहेको जीवन आचार्यको 'कला केन्द्र'मा पुग्थें र त्यसको नाम 'डिजाइन राइटर' थियो। २०४३ सालदेखि आफ्नै प्रयासमा यसलाई विज्ञापन संस्थाको रुपमा विकास गरेका थिए र आफ्नो बिहान-बेलुकाको छाक टार्दै आएका थिए। विगतमा चित्रकार जीवनले २०३८ सालमा दमक र सिक्किममा आफ्नो चित्रकला प्रदर्शनी गरिसकेका थिए। दमकमा समाजसेवी रामबाबु प्रसाईंको प्रमुख आतिथ्यमा र सिक्किममा मुख्यमन्त्री नरबहादुर भण्डारीको प्रमुख आतिथ्यमा तीन दिने चित्रकला प्रदर्शनी गरेर प्रसिद्धी कमाएका थिए उनले। भनिन्छ उनका प्रकाशित/अप्रकाशित गरी २० वटा कथाहरु रहेका छन्। भर्खरै उनको दोस्रो कविता संग्रह पनि प्रकाशित भएको छ, तर हेर्न पाइएको छैन।

कवि आचार्यको विवाह २०३८ साल फागुन ७ गते काठमाण्डौंमा संगीता पराजुलीसँग भएको थियो र उनीहरुका दुई छोरीहरु ऋचा (२०४०) र ऋतु (२०४५) को जन्म भएको थियो। तर, दुःखको कुरा ठूली छोरी ६ बर्ष र कान्छी छोरी १ बर्ष पूरा हुँदा नहुँदै २०४६ साल वैशाख २३ गते जीवन आचार्यले घरपरिवार तथा साना छोरीहरुलाई अलपत्रै छोडेर धर्ती त्याग्न विवश भए। उनले साहित्य सिर्जना तथा चित्र लेपनबाट खोजेको जनताको प्रजातन्त्र देख्नै नपाई बितेर गए। उनी बितेको ११ महिनापछि शुरु भएको 'पञ्चायती व्यवस्था मुर्दावाद' 'राजतन्त्र मुर्दावाद...! को आक्रोशित जुलुशमा उनले मुठी उठाउन पाएनन्। तर, मलाई लाग्छ उनका विप्लवी कविता, कथा तथा चित्रहरुका क्रान्तिकारी स्वरहरुले हामीलाई बल-वर्गत थपिरहेका थिए। उनले 'अन्त्यहीन शुरुवात : २०४१' कविता संग्रहको 'कमल जङ्गली' शीर्षकमा लेखेका छन्- तत्कालीन नेपालको यथार्थचित्र।

*'ऊ नेपाली शब्दको परम्परा ओडेर,*
*वंशानुगत क्रममा जन्म्यो !*
*बिना स्वीकृतिले 'कान्छा' वा 'बहादुर'को उपाधिले*
*अधिकांश मध्यमवर्गी*
*परिवारको बाँच्ने जमातभित्र-घुस्यो*

*भित्रभित्रै बलेर खरानी बन्नु थियो*
*आगो नदेखिनु थियो- देखिएन जन्म्यो !*

*राष्ट्रको सडकमा प्ले-कार्ड बोक्नेहरु मध्ये*
*ऊ एउटा हुन सक्छ।*

*अर्काकै मुठीमा कैद राष्ट्रलाई*
*-'मेरो' भन्ने बाध्यताको पीडा जुलुस भएर*
*हिँडेको देख्छ- ऊ !'*

अहिलेको नेपालमा पनि 'बहादुर', 'कान्छा'को हीनताबोधले लखेट्न छोडेको छैन बरु अरु बढोत्तरी भएको छ। ७० लाख युवायुवतीहरुको आँशु र पसिना खाडीमा बगिरहेछ। मेरो गणतान्त्रिक नेपाल उपनिवेशको परम्परागत महामारीले आक्रान्त छ। अहिले प्रजातन्त्र माफिया र नवधनाढ्यको लागि मात्र छ र सडकमा सम्भावित जुलुस पुन तयारीमा छ। सम्भावित क्रान्ति तयारीमा छ। यसप्रकार जीवन आचार्यले जति लेखे परिवर्तनका लागि लेखे। उनले सिङ्गो युग लेखे। उनी थोरै बाँचे तर देश र जनताको लागि सार्थक जीवन बाँचे।

लघुकथा

# ढलेको विश्वास



**अनिता कोइराला**



टिचिङ्ग अस्पताल जानु थियो, शान्तिलाई। घरको काम मिलिक्कै सकेर जादूगर जसरी रोडमा पुगिन्। रोड ठप्प थियो, अस्पताल जाने रनाहामा समाचार सुन्ने फुर्सदै नै भएन। ट्वाल्ल पर्दै चकमन्न सडकमा आँखा ओछ्याएर बन्दको असर नियाल्दै थिइन्। मोटरसाइकलको हर्नले शान्तिको समाधि टुट्यो।

'हेल्लो म्याम, निकै चिन्तामा हुनुहुन्छ। अत्यावश्यक कामका लागि जान लाग्नुभएको जस्तो छ। मसँग पास छ, हजुरलाई गन्तव्यसम्म छोडिदिन्छु नि।'

हेलमेट खोलेर चिनेको मान्छे जसरी मीठो मुस्कान छोड्यो बाइकवालाले। निकै सभ्य परिवारको संस्कारी छोरो जस्तो देखिने बाहिरी आवरण थियो। बोली उस्तै मीठो।

शान्तिलाई ढुङ्गा खोज्दा देउता मिले झैं भयो। मक्ख पर्दै बाइकवालाको अनुहार नियालेर बोलिन्- 'टिचिङ्ग अस्पताल जाने बाबु, बरू तपाईं कतासम्म हो ?'

'लौ कस्तो संजोग ! म पनि सहिद गंगालाल हृदयरोग केन्द्र जान लागेको। हजुरलाई अस्पताल छोडेर म जाउँला। आरामले बस्नुस्, केही अफठ्यारो मान्नु पर्दन।'

युवकको बाइकमा बसेर शान्ति सोच्न लागि- कान्छोकै उमेरको रहेछ, सहरमा पनि यस्ता संस्कारी युवापुस्ता अझै रहेछन्। बा-आमाले कस्तो चाहिँ संस्कार दिएका होलान् ? मेरै सन्तानहरूले यसरी नचिनेको मान्छेलाई तुकनसुरले सहयोग गर्लान् ? त्यो पनि सहयोग नै नमागी।

'म्याम, हजुर कहाँ जब गर्नुहुन्छ ?'

'शिक्षक थिएँ बाबु, अहिले अवकाश प्राप्त भएँ।'

'हँ' हजुर अवकाश प्राप्त ? होइन होला ?

'चाँडै अवकाश लिनुभयो होला। हजुरलाई हेर्दा त त्यस्तो लाग्दैन त। जीवनलाई निकै सन्तुलनमा राख्नुभएको रहेछ। परिवारमा को को हुनुहुन्छ नि ?'

'छोराछोरी बाहिरै छन् बाबु, म पनि भर्खरै अमेरिकाबाट आएको। श्रीमान् कान्छी छोरीको दीक्षान्त समारोहका लागि क्यानडा जानुभएको छ।'

'तपाईंलाई त केही रोग छ जस्तो पनि लाग्दैन। अस्पतालमा कसैलाई भेट्न जान लाग्नुभएको ?'

'आफैंलाई हो। अलि सन्चो भएन। त्यहाँ दिदीको छोरा डाक्टर छ त्यही भएर, यसो सल्लाह लिन जान लागेको।'

कुरा गर्दागर्दै अस्पतालको गेट आयो बाइक टक्क रोक्कियो। 'बाबु, धेरै-धेरै धन्यवाद ! यस्तो अप्ठ्यारो अवस्थामा यहाँसम्म ल्याइ दिनुभयो। मलाई त आफ्नै कान्छो छोरोजस्तै लाग्यो।'

बाइकवाला युवकको अनुहार अँध्यारो भयो। शान्तिको कान नजिकै आएर फुस्फुसायो- 'कान्छो छोरो नभन्नु न साह्रै चित्त दुख्यो। श्रीमान् जस्तो भने हुँदैन, बरू भरे पनि लिन आउँछु। यी यो कार्ड राख्नु, फोन गर्नु होला।'

शान्ति खङ्गङ्ग भइन्। विश्वास खरानी भयो।

# ४२ वर्षपछि काँकरभिट्टा प्रहरी सुविधासम्पन्न भवनमा




□ लक्ष्मी उप्रेती

**मेचीनगर, भदौ ३१।** इलाका प्रहरी कार्यालय काँकरभिट्टाले ४२ वर्षपछि सुविधासम्पन्न नयाँ भवन प्राप्त गरेको छ ।

१ नम्बर प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयको बजेटबाट तीन करोड ६२ लाख ४५ हजार चार सय पाँच रुपैयाँ भए पनि दुई करोड ८३ लाख ३४ हजार छ सय ४१ रुपैयाँको लागतमा नवनिर्मित भवनको शुक्रबार १ नम्बर प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री केदार कार्कीले एक कार्यक्रमकाबीच उद्घाटन गरेका छन् ।

२०७५ साल चैत १९ गते मंगलबार १ नम्बर प्रदेश सरकारका तात्कालिन आन्तरिक मामिला तथा कानून मन्त्री हिक्मतकुमार कार्कीले भवनको शिलान्यास गरेका थिए । सुविधासम्पन्न अढाई तले र २२ कोठे पक्की भवनको निर्माणका याक्थुङ्गहाङ एसएएस पुस्कर जे/भी निर्माण कम्पनीसँग ठेक्का सम्झौता भएको थियो ।

२०७६ बैशाख २ गते सम्झौता भएर २०७७ बैशाख १९ गते निर्माण कार्यसम्पन्न गर्ने उल्लेख भए पनि विविध कारण समयमै भवन निर्माण सम्पन्न हुन नसकेको उद्घाटनका क्रममा प्राविधिक प्रहरी उपरीक्षक इञ्जिनियर अनिल राणाले भवनको प्राविधिक प्रतिवेदन प्रस्तुत गर्ने क्रममा बताए । जनताको जीउधनको सुरक्षाको जिम्मेवारी लिएर बसेको एउटा प्रहरी असुरक्षित भयो भने सयौं नागरिकले सुरक्षा पाउन नसक्ने भन्दै हरेक नागरिकले सुरक्षितरुपमा जीवनयापन गर्नका प्रहरी सुरक्षित हुनुपर्ने मन्त्री कार्कीको भनाइ छ ।

प्रहरी नायव उपरीक्षक (डिएसपी) ज्ञानकुमार महत्तोले सञ्चालन गरेको कार्यक्रममा जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक विश्वमणि पोखरेलले मेचीनगर नगरपालिकाका-१ देखि ८ नम्बर वडाहरु, यस कार्यालयको प्रत्यक्ष जिम्मेवारी क्षेत्र रहेको बताउँदै मेचीनगर नगरपालिकाका ९ देखि १५ नम्बर वडा, बुद्धशान्ति गाउँपालिकाका सम्पूर्ण वडाहरु इलाका प्रहरी कार्यालय धुलावारीको प्रत्यक्ष जिम्मेवारी क्षेत्र रहेको स्पष्ट पारे ।

प्रहरी उपरीक्षक पोखरेलले मेचीनगरको पुरुष ६४ हजार चार सय १० महिला ६७ हजार एक सय १० गरी कुल एक लाख ३१ हजार पाँच सय २० जना र बुद्धशान्ति गाउँपालिको पुरुष २५ हजार दुई सय ७६ र महिला २७ हजार छ सय ३५ गरी कुल ५२ हजार नौ सय ११ जना गर्दा दुई पालिकाको कुल जनसंख्या एक लाख ८४ हजार चार सय ३१ जनालाई यस कार्यालयले सुरक्षा प्रदान गर्नुपर्ने स्पष्ट पारे ।

कार्यालयमा प्रहरी दरबन्दी भने दुई सय १० मात्र छ । यस कार्यालयमा सक्रिय प्रहरीलाई यो जनसंख्या भाग लगाउँदा एकजना प्रहरीको भागमा आठ सय ७८ जना पर्दछ, अथवा एकजना प्रहरीले आठ सय ७८ जनालाई सुरक्षा प्रदान गर्नुपर्ने अवस्था छ । आफ्नो कार्यक्षेत्रमा शान्ति सुरक्षा तथा अमनचयन कायम राख्न इलाका प्रहरी कार्यालय काँकरभिट्टाले आफू मातहत रहने इलाका प्रहरी कार्यालय धुलावारी, बुधबारे, सीमा प्रहरी चौकी नकलबन्दा, प्रहरी चौकी बाहुनडाँगी, तिरीङ्ग, चारआली, ज्यामिरगढी, अस्थायी प्रहरी चौकी सतिघट्टा, इँटाभट्टा र अस्थायी ट्राफिक प्रहरी पोस्ट काँकरभिट्टा कार्य विभागको स्थापना गरेको उनको भनाइ छ ।

कार्यक्रममा इलाका प्रहरी कार्यालय काँकरभिट्टाका ज्यूँदै इतिहास ८६ वर्षीय पूर्व प्रहरी हवाल्दार बृखबहादुर गुरुङलाई सम्मान गरिएको थियो । १ नम्बर प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक सुदीप गिरीले दोसल्ला र प्रमुख अतिथि मन्त्री कार्कीले सम्मान पत्र प्रदान गरेका थिए ।

सोही अवसरमा पूर्व प्रहरीका विभिन्न पदका व्यक्तिहरुलाई सम्मान गरिएको थियो । जिल्ला प्रशासन कार्यालय झापाका प्रमुख जिल्ला अधिकारी छवि रिजाल मेचीनगर नगरपालिकाका प्रमुख गोपालचन्द्र बुढाथोकी लगायतले अहिले पनि यस कार्यालयमा निकै काम बाँकी रहेकाले यसलाई पूर्णता गरिदिन मन्त्री समक्ष आग्रह गरेका थिए ।

कार्यक्रममा संविधान सभा सदस्य रविन कोइराला, १ नम्बर प्रदेशसभा सदस्यहरु श्रीप्रसाद मैनाली, राधा थापा, मेचीनगर उपप्रमुख मीना पोखरेल उप्रेती, निवर्तमान नगर प्रमुख विमल आचार्य, नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य सुभद्रा आर्याल, विभिन्न राजनीतिक दलका प्रमुख प्रतिनिधि सरकारी र गैरसरकारी संघ-संस्थाका प्रमुख प्रतिनिधिसहित उद्योगी, व्यवसायी, सञ्चारकर्मी, अधिकारकर्मी लगायत सर्वसाधारणको उपस्थिती रहेको थियो ।

# शिल्प विद्याका अधिष्ठाता विश्वकर्मा



रत्नबहादुर बस्नेत



वैदिक सनातन हिन्दू धर्मावलम्बीहरु हरेक वर्ष असोज १ गते कलपूर्जा, औजार तथा कर्मका देवता विश्वकर्माको पूजा श्रद्धापूर्वक मनाउने गर्दछन् । यस वर्षको विश्वकर्मा पूजा आगमी शनिबार परेको छ । हतियार, प्रविधि, यन्त्रका प्रेरक भगवान विश्वकर्मा ब्रह्माका पुत्र हुनुहुन्छ । देवताहरुका भवन सिर्जना भगवान् विश्वकर्माले गरेको मानिन्छ । विश्वलाई नै कर्मशील तुल्याउने भएकाले उहाँलाई विश्वकर्मा भनिएको हो ।

आजको दिन सवारीसाधन र मेसिनरी समान, कलपूर्जा, उद्योग, व्यवसायका स्थलहरुमा भव्यताका साथ पूजा गरिन्छ । विभिन्न ध्वजा पतकाले रंगीचंगी बनाएर फलामलाई नै विश्वकर्मा बाबाको प्रतिक मानेर सरसफाई गरी पूजा गरिन्छ । धुप, दीप, पुष्प, मिष्ठान्न, फलफूल (नैवेद्य) आदि षडषोपचार विधिले शुद्ध भावले, श्रद्धाभावले समर्पित भइ पूजा गरिन्छ । पूजाका क्रममा ॐ विश्वकर्मणे नमः वा विश्वकर्माय नमः भनेर समर्पण भाव, भक्तिभाव अर्पण गर्नुपर्छ । उहाँ स्तुति गर्दै भनिएको छ- समस्त कलपूर्जाका देवता, हलो, मुसल, फर्सा, वञ्चरो जस्ता हतियार धारण गर्नुभएको छ, त्यस्ता भगवान् विश्वकर्माको पाउमा सभक्ति प्रणाम गर्दछौं ।

शिल्प विद्याका अधिष्ठाता विश्वकर्मा बाबालाई देवताहरुका इञ्जिनियरका रुपमा पनि मानिन्छ । जगन्नाथ पुरी जगन्नाथको मूर्ति उहाँले बनाएको र जुन बनाउँदा अरुले हतार गरेकाले हाल जगन्नाथको मूर्तिमा एक हात नभएको पाइन्छ । उहाँ विश्वकर्मा हाल नीलगिरी पर्वतमा निवास गर्नुहुन्छ भनिन्छ । द्वारकापुरी कृष्णले बाबालाई निर्माण गर्न लगाउनुभएकाले कमल फूल बनाई त्यसमाथि सुन्दर शहर बसाउनुभएको थियो भनिएको छ । वेदमा पनि विश्वकर्मा बाबाको वर्णन गरिएको पाइन्छ । मय दानवले पनि यो देखेर त्रिपुर बनाएको थियो । उहाँमाथि श्रद्धा राखेर यन्त्रसहित पूजा गर्नाले प्रभुले कृपा प्रदान गर्ने शास्त्रादिमा बताइएको छ ।

विश्वकर्माको पूजा कलकारखाना, हातहतियार, तोपखाना लगायतमा विशेष महत्वका साथ गरिन्छ । यातायात व्यवसायी तथा विभिन्न मेसिनरी पार्टपूर्जा एवम् इञ्जिन व्यवसायीले महत्वकासाथ पूजा गर्ने चलन वैदिककालदेखि चल्दै आएको पाइन्छ । पौराणिक कालमा पनि विश्वकर्मा पूजा गरिँदै आएको धार्मिक मत छ । पूजाको क्षेत्र व्यापक हुनु पूर्वीय जगतको उपलब्धि हो । पौराणिक मान्यता अनुसार शिवको त्रिशूल, विष्णुको सुदर्शन चक्र, देवीको खड्ग, कुबेरको आसन, यमराजको दण्ड विश्वकर्माले नै बनाउनु भएको हो । उहाँलाई विष्णुको अवतार पनि मानिन्छ ।

प्राचीन मठमन्दिर निर्माणलाई चमत्कारका रुपमा विश्वकर्माले बनाएको प्रसङ्ग जोडिएको यश दिनको छुट्टै धार्मिक र पौराणिक महत्व छ । अहिले पनि ठूलाठूला पुल, कल्भर्ट, भवनहरु विश्वकर्माकै शक्तिले बनाउन सम्भव भएको विश्वास गरिन्छ । विश्वकर्माले सबैलाई जागरुक, कर्मशील बनाउने प्रेरणा दिने गरेको विश्वास लिइँदै आएको छ । आजको दिनलाई वास्तु दिवसको रुपमा पनि मानिन्छ । पूजा भनेको माया गर्नु, सम्मान गर्नु हो । लापरवाही नगर्नु हो । मैले विश्वकर्मा पूजा गरें (गरिहालें) भनेर सवारीसाधन तथा प्राविधिक वस्तु, कर्मप्रति लापरवाही गर्नाले पूजाको लाभ प्राप्त हुँदैन । पूजा गरिँहाले भनेर लापरवाही गर्नुहुँदैन । पूजा तथा श्रद्धाभक्तिसँगै सावधान भएर प्रविधिको सही उपयोग गर्नाले नै दुर्घटना र दुरुपयोग तथा हानीबाट वचन, सुरक्षित रहन सकिन्छ । यही नै विश्वकर्मा पूजाको सन्देश हो ।

# बजाजको पल्सर १२५ एनएस बजारमा

**सुरुङ्गा, भदौ ३१।** कनकाई नगरपालिकास्थित सुरुङ्गामा बजाज कम्पनीको पल्सर १२५ एनएस मोटरसाइकल बिक्री वितरण शुरु भएको छ ।

झापाका लागि आधिकारिक बिक्रेता आर.ए. ट्रेडर्स अटो प्रालिले बिहीबारबाट मोटरसाइकल बिक्री-वितरण शुरु गरेको हो । कार्यक्रमका प्रमुख अतिथि तथा कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पाखरेलले बजाज कम्पनीको पल्सर १२५ एनएस मोटरसाइकल सार्वजनिक गरेका हुन् ।

युवा पुस्ताले रुचाएको, १२ लिटर इन्धन ट्याङ्की, डिसब्रेक नतातिने र प्रति लिटर ५५ देखि ६० किलोमिटर माइलेज लगायतका बिशेषता मोटरसाइकलमा रहेको कम्पनीले जनाएको छ । पल्सर १२५ एनएस मोटरसाइकलको मूल्य दुई लाख ७९ हजार नौ सय रुपैयाँ रहेको छ ।

कार्यक्रममा नगर प्रमुख पोखरेलले कनकाई नगरमा व्यवसाय तथा उद्योग सञ्चालनमा आउनु नगरका लागि खुशीको कुरा भएको बताए । त्यस्तै आर.ए. ट्रेडर्सका अध्यक्ष राजेन्द्र थापाले युवा पुस्तालाई रोजगारी दिने र विदेशिने युवाहरुलाई रोजगारी दिने उद्देश्यले २०४४ सालदेखि आफूले व्यवसाय तथा उद्योग तथा कलकारखाना सञ्चालन गर्दै आएको बताउँदै हाल छोरा अनुशील थापालाई कम्पनीको मेनेजिङ डाइरेक्टर बनाएको बताएका छन् ।

कार्यक्रममा उद्योग वाणिज्य महासंघ प्रदेश नं. १ का सदस्य कुमारमणि पोखरेल, बजाज कम्पनीका सर्भिस मेनेजर महेश्वर मण्डल, आर.ए. ट्रेडर्सका मेनेजर रविन भट्टराई, आर.ए. ट्रेडर्सका ओभरल मेनेजर सोकेन्द्र गौतम लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन आर.ए. ट्रेडर्सका सेल्स इन्चार्ज लावण्य ढकालले गरेका थिए ।


## कर्मचारी आवश्यकता

यस कम्पनी सञ्चालक र विस्तारका लागि केही कर्मचारी आवश्यकता परेको हुनाले इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।

पद : P.R.O.
संख्या : १० जना (महिला/पुरुष)
शैक्षिक योग्यता : SEE, +२ वा सो सरह
तलब : १५,१०० सम्म

ग्रेट फ्यूचर कम्पनी
बिर्तामोड-४, भद्रपुर रोड( झापा)
सम्पर्क: ९८१४३९७३४०/ ९८२३४६६९२१

के तपाईंको Class 12 मा 'NG' आयो ?
असोज ३० र ३१ गते हुने Class 12 को ग्रेड वृद्धि परीक्षाका Tuition Class
इक्जाम्टेड विद्यार्थीका निम्ति छ ओटै विषयका कोचिङ्ग कक्षाहरु संचालित छन् ।
✪ Science ✪ Management
✪ Humanities ✪ Education
More Details: Tel.: 023-544975, Mob.: 9804988534
अत्याधिक विद्यार्थीहरु SLC तथा +2 पास गराउन सफल
पाइथागोरस एजुकेशन फाउण्डेशन
अतिथि सदन रोड, बिर्तामोड, झापा

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

दिलबिर मगरको नाती, सहर सिं मगरको छोरा १ नं. प्रदेश पाँचथर जिल्ला फिदिम नगरपालिका वडा नं. ०६ बस्ने बलिराज थापा भनिने बलिराज मगरले यस इलाम शाखामा खाता नं. ²१११५२४०३००६७८ सञ्चालन गर्दै आउनुभएकोमा मिति २०७८/०५/१० मा निज खातावाला बलिराज थापाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको श्रीमती नाता पर्ने सन्चमाया मगरले मृत्युदर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनुभएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम निज** मृतक बलिराज थापाको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दाबी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सो का लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
इलाम शाखा, इलाम
फोन नम्बर : ०२७-५२१७२४
फ्याक्स : ०२७-५२१७३१

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।



सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस

## हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई

सम्पर्क:
9808705206
9863983668
9807930740
9827930240



झट्ट फोन झट्ट सेवा

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।


**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

नेपालीहरुको लागि भरपर्दो सेवा


## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त-
८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** धार्मिक तीर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** समय अनुकूल रहेको छ, नयाँ कामको प्रश्ताव आउने छ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, प्रशंसकहरू बढ्ने छन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** समय शुभ फलदायी रहेको छ, मान प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, सुखद् खबर सुनिने छ । व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, खानपानमा ध्यान पुऱ्याउनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

*नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।*